# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असार १० गते २०३१ साल [अतिरिक्ताङ्क १३

राष्ट्रिय पञ्चायत सचिवालयको

सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको चौवीसौं अधिवेशनलाई २०३१ साल आषाढ १० गते रोज २ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शाही–सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

नेपालीलाई विकासको गोरेटोमा अघि सारेर जनकल्याणको निरन्तर अभिवृद्धि गर्ने लक्ष्य लिई पञ्चायती व्यवस्था अगाडि बढ्दैछ । यस व्यवस्थामा हामी नेपालीको राष्ट्रिय चरित्र सुहाउँदो रूपमा प्रतिबिम्बित भएको छ । निर्दलीयता व्यवस्थाको एक मूलभूत विशेषता हो र यसै माध्यमको निष्पक्ष र दरिलो विकासबाट हामी आफ्नो राष्ट्रिय हितको सम्बर्धन गर्न सफल हुनेछौं । व्यवस्थाले ल्याएको जागृतिको फलस्वरूप आज देशको कुनाकाप्चामा पनि जनसाधारणको मनोभावना र दृष्टिकोणमा परिवर्तन आइरहेको देखिन्छ ।

हाम्रो जस्तो अभावग्रस्त तथा समय र साधनले पछि परेको मुलुकमा अधिराज्यका बिभिन्न भागमा पञ्चहरूले आ-आफ्नो क्षमता अनुसार विकासका कामहरूमा अभिरूचि लिई काम गर्दै आएका कुरा हामीले स्वदेश भ्रमण गर्दा देख्ने मौका पायौं । निश्चय नै देशवासीहरूमा केही गरी देश तथा आफ्नो आर्थिक उन्नति गरौं भन्ने जागृति र आकांक्षा बढ्दै आइरहेको पनि पायौं । हामीबाट यी कुराहरूको सराहना नगरी रहन सक्दैनौं । यसका साथै माथिल्ला तहमा रहेका पञ्चहरूले पनि जनस्तरमै रही जनताको भावनालाई राम्रोसंग बुझी उनीहरूको विश्वास र आकांक्षालाई आफूले वहन गरेको अधिकार र क्षेत्रबाट अझै बढी कार्यरूपमा परिणत गर्न सक्नु परेको छ ।

सम्पूर्ण नेपालीको जीवनस्तर सामञ्जस्य रूपमा उकास्न गरिने देशव्यापी विकास एउटा निरन्तर अभियान हो । हामी यस अभियानमा अधिराज्यको सबै भेगलाई सरीक गराउन अघि सरेका छौं । फलस्वरूप, विकासको यस लहरबाट उपेक्षित कतिपय स्थानहरूमा आज कुनै न कुनै प्रकारबाट विकासका कामहरू थाल्ने उपयुक्त स्थितिको सिर्जना भएको छ । यो उत्साहबर्धक तथ्य कसैबाट छिपेको छैन । पञ्चायत व्यवस्थाले आजसम्म हासिल गरेको उपलब्धिको आधारमा यसमा क्रमशः समयोचित सुधारहरू गरिने कुरा हामीले उल्लेख गर्दै आएकै छौं । यसो गर्नाले बढ्दो जन आकांक्षा अनुकूल द्रुतगतिले आर्थिक र सामाजिक विकासको लक्ष्यतर्फ अगाडि बढ्न व्यवस्था र पञ्चहरूलाई अरू बढी सहायता मिल्नेछ भन्ने हामीले आशा राखेका छौं ।

गत वर्ष आर्थिक पक्षमा केही अनिश्चित र हाम्रो विकासको आकांक्षामा प्रतिकूल असर पार्ने केही अवाञ्छित समस्याहरू खडा भए । यस परिस्थितिबाट पर्न आउने असरलाई सकभर घटाई जनसाधारणलाई पर्न गएको पीरमर्का हटाउने उद्देश्यले मेरो सरकारले विभिन्न प्रयत्नहरू गर्‍यो । अहिले मूल्यवृद्धि र आवश्यक वस्तुहरूको अभाव नै देशको अगाडि एक प्रमुख आर्थिक समस्या हुन आएको छ । यसको समाधानको लागि मेरो सरकार प्रयत्नशील रहनेछ । यस काममा सर्वसाधारण जनतालाई विशेष गरी निम्न आय भएका व्यक्तिहरूलाई महंगीबाट बढी असर पर्ने हुनाले त्यस्ता परिवारहरूलाई खाद्यान्न लगायत केही अत्यावश्यक वस्तुहरू उचित मूल्यमा न्यायपूर्ण ढङ्गले उपलब्ध गराउन यी वस्तुहरूको संकलन, सञ्चय र वितरणमा सुधार गर्न मेरो सरकारले तत्कालीन प्रयासस्वरूप केही योजना लागू गरेको छ । यसमा सबैको समन्वयात्मक सहयोग हुनु पर्दछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आज एकातिर विश्वव्यापी स्तरमा देखा परेको आर्थिक संकटबाट आइपर्ने भार कम गर्न तात्कालिक कार्यक्रम शुरू गर्नु परेको छ भने अर्कोतिर भविष्यमा त्यस प्रकारको स्थिति आउन नदिन स्थायी व्यवस्थाको तर्जुमा गर्नु पनि आवश्यक भइसकेको छ। यस सम्बन्धमा उत्पादन वृद्धि गर्ने ठोस कार्यक्रमको शुरूआत गर्न यथासम्भव आन्तरिक साधनको परिचालन र सदुपयोग गरेर स्वावलम्बी बन्ने दिशातर्फ अघि बढ्न र विकासको क्रममा विविधीकरण ल्याएर अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो निर्यात बढाउनु मेरो सरकारको आर्थिक नीतिको मूलभूत आधार हुनेछ। यसै विचारधारा अनुरूप आगामी योजनाको तर्जुमा तथा विकास कार्यक्रमको सञ्चालन गरिनेछ।

आन्तरिक साधनको परिचालन गर्न मेरो सरकारले राजस्व प्रशासनलाई सुदृढ बनाउन विशेष जोड दिई आएको छ र यी कार्यहरू जारी नै रहनेछन्। यस सम्बन्धमा आवश्यक कानूनी व्यवस्था र संगठन तथा तालीम-व्यवस्थामा पनि बढी ध्यान दिनुको साथै विदेशी सहायताबाट सञ्चालित परियोजनाहरूको कार्यान्वयन गर्दा यथासम्भव स्थानीय साधन एवं प्राविधिक ज्ञानको नै बढी मात्रामा उपयोग गर्नु पर्ने कुरामा पनि जोड दिइनेछ।

कृषि व्यवसायलाई देश अनुकूल विकास गरी उत्पादनमा वृद्धि गर्ने तथा साधारण किसानको जीवनस्तरलाई उठाउने उद्देश्यले मेरो सरकारले कृषि विकासलाई प्राथमिकता दिँदै नयाँ कृषि विकास नीति लागू गरेको छ। कृषि उत्पादन बढाए मात्र हाम्रो जस्तो कृषिप्रधान देशले उन्नति गर्न सक्दछ भन्ने तथ्यको आधारमा कृषि उत्पादन बढाउने ठोस कार्यक्रम मेरो सरकारले शुरू गर्नेछ। कृषि उत्पादनका साधनहरूको वितरण एवं बजार व्यवस्थालाई बढी प्रभावकारी एवं जनमुखी बनाउन मेरो सरकार प्रयत्नशील रहनेछ र साना तथा मझौला खालका किसानहरूले पनि विकास प्रक्रियामा सक्रियताकासाथ संलग्न रहने स्थिति खडा गर्ने प्रयत्न जारी राखनेछ।

सरकारी जग्गा र सरकारी वनमा भएको अतिक्रमण एवं अव्यवस्थित बसोबासलाई नियन्त्रण गरी दैवी प्रकोपबाट पीडित तथा आफ्नो श्रमद्वारा खेती गर्ने वास्तविक भूमिहीन किसानलाई अधिराज्यका विभिन्न क्षेत्रहरूमा पुनर्वास गराउने आयोजनाहरूको कार्यान्वयन मेरो सरकारले गर्नेछ।

वन विकासतर्फ संरक्षण, सम्बर्धन र वैज्ञानिक परिचालन गर्ने कार्यक्रमलाई अझ प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने उद्देश्यले तर्जुमा गरिएको वन योजनालाई लागू गर्न मेरो सरकार प्रयत्नशील रहनेछ। वन्यजन्तुहरूको राष्ट्रिय महत्वलाई ध्यान दिएर यिनीहरूको संरक्षणको लागि राष्ट्रिय निकुञ्जहरू तथा वन्यजन्तु आरक्षहरू खोलिनेछन् र जडीबूटीहरूको विकासमा पनि मेरो सरकार सक्रिय रहनेछ। साथै मेरो सरकारले भू तथा जलको संरक्षण गर्न अत्यावश्यक भएको कुरा महसूस गरी भू तथा जल संरक्षण विभागको सिर्जना गरेको छ।

साना किसानहरूको संरक्षण तथा हित हुने कार्यक्रमहरूको सञ्चालनको साथै मेरो सरकारले भूमिसुधारको क्रममा चालू रहेका कार्यहरूलाई सुदृढ र विस्तार गरी भूमि प्रशासन लागू गर्ने, कित्ता नापीको विस्तार गर्ने र नक्सा तयार गर्ने कामहरू पनि गर्नेछ।

९६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशको द्रुततर आर्थिक विकासमा औद्योगिक बिकासको भूमिकाको महत्वपूर्ण स्थान रहेकोले औद्योगिक विकासको लागि उपयुक्त वातावरण सिर्जना गर्न मेरो सरकार कटिबद्ध छ। तदनुसार मेरो सरकारले हालै मात्र नयाँ औद्योगिक नीति लागू गरेको छ। यस नीतिलाई दृढताका-साथ कार्यान्वयन गरी देशको औद्योगिक विकासमा तीव्रता ल्याई देशलाई आत्मनिर्भर बनाउँदै लैजान मेरो सरकार कर्तव्यनिष्ठ रहनेछ।

व्यापारमा विविधीकरण ल्याउने नीति अनुसार सबै मित्रराष्ट्रहरूसंगको व्यापारमा वृद्धि गर्न मेरो सरकार प्रयत्नशील रहनेछ। नेपालको वैदेशिक व्यापारमा छिमेकी राष्ट्रहरूको महत्वपूर्ण भूमिकालाई ध्यानमा राखी त्यस दिशामा पनि व्यापार प्रबर्धनको लागि मेरो सरकार सक्रिय रहनेछ। यस क्रममा हालै मेरो सरकारले जनवादी गणतन्त्र चीनसंग व्यापार तथा भुक्तानी सम्झौता गरेको छ। हाम्रो मुख्य निकासी हुने वस्तु जूटको उत्पादन र निकासीलाई अरु बढाउन संस्था-गत नयाँ व्यवस्था गरिनेछ। विदेशी मुद्राको प्रयोग गर्दा सकेसम्म आयातको विविधीकरण तथा मूल्य वृद्धि नियन्त्रण गर्ने कामको लागि प्राथमिकता दिइनेछ।

घरेलु तथा ग्रामीण उद्योग र हस्तकलाको विकास तथा विस्तारलाई प्राथमिकता दिई लागू गरिएका नयाँ कार्यक्रमहरूलाई अरू विस्तार गरी सञ्चालन गरिनेछ। पर्यटन उद्योगको उत्तरोत्तर विकासलाई ध्यानमा राखी मेरो सरकार पर्यटन विकास गुरु योजना अनुसार पर्यटन केन्द्रहरूको विकासमा बढी प्रयत्नशील हुनेछ।

श्रम कल्याणकारी व्यवस्थाको दिशामा मेरो सरकारले केही कानूनहरूमा संशोधन र नयाँ कानूनी व्यवस्था गरेको छ। यसै गरी बेरोजगारी समस्यालाई क्रमशः समाधान गर्दै लैजाने उद्देश्यले बिभिन्न कदमहरू उठाइनेछन्।

यातायातको विकासलाई मेरो सरकारले महत्वपूर्ण स्थान दिएको छ। आगामी वर्षमा महेन्द्र राजमार्गका विभिन्न भागहरूमा काम चालू राख्नुको साथै उत्तर-दक्षिण सडकहरूको निर्माणमा पनि ध्यान दिइनेछ। चारै बिकास केन्द्रहरूलाई आपसमा जोड्ने सडकहरूमध्ये निर्माण हुन बाँकी भएका काठमाडौं-धनकुटा तथा पोखरा-सुर्खेत सडकहरूको निर्माणसम्बन्धी कारवाईमा तीव्रता ल्याइनेछ। दुर्गम क्षेत्रहरूको लागि सडक बनाउनु ज्यादै कठिन र ज्यादै खर्चिलो भएकोले हाललाई झोलुङ्गे पुलहरू बनाउने काम जारी राख्नुको साथै त्यस क्षेत्रमा रोप्वे बनाउन विस्तृत सर्वेक्षण गराइनेछ।

हवाई यातायात विकासतर्फ पनि त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको साथै देशका अरू बिमानस्थलहरूका धावनमार्गहरूलाई लम्ब्याउने तथा सुरक्षित उडानको लागि आधुनिक उपकरणहरू जडान गर्ने र पहाडी क्षेत्रको लागि स्टल बिमानस्थलहरूको निर्माण गर्ने काम पनि मेरो सरकारले जारी राख्नेछ। अन्तर्राष्ट्रिय उडानहरूको विस्तार गर्ने हेतुले अरू मित्रराष्ट्रहरूसंग पनि हवाई सम्झौता गरिनेछ र शाही नेपाल वायु सेवा निगमलाई अरु बढी सक्षम र प्रभावकारी बनाउने प्रयत्न गरिनेछ।

९६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अव्यवस्थित तरीकाले बढ्दै गइरहेको बस्तीलाई सुधार गर्न मेरो सरकारले काठमाडौं उपत्यकामा पनि नगर योजना लागू गर्नेछ ।

समय सुहाउँदो शिक्षा विकासको साथै देश विकासको हरक्षेत्रमा तालीम प्राप्त जनशक्तिको खाँचो पूरा गर्ने उद्देश्यले लागू गरिएको राष्ट्रिय शिक्षा पद्धतिको योजना अहिलेसम्म ३१ जिल्लाहरू र उच्च शिक्षाको क्षेत्रमा समेत सफलताका साथ लागू भइसकेको छ । आगामी वर्ष यस योजनालाई अरू २० जिल्लामा लागू गरिनेछ । योजना लागू भएपछि आजसम्मको कार्यान्वयनको प्रभावकारीताको लेखाजोखा गरी अरू सुधार गर्दै जाने उद्देश्यले मध्यावधि मूल्याङ्कन कार्यक्रम पनि शुरू गरिएको छ । साथै प्राचीन स्मारकहरूको संरक्षण कार्यहरू पनि जारी नै रहनेछन् ।

सञ्चारतर्फ पनि मेरो सरकारले राष्ट्रिय सञ्चार सेवा योजनामा उल्लेख भएका कामहरू गर्दै आएको छ । देशको आवश्यकतानुसार सञ्चारका विभिन्न माध्यमहरूको क्रमिक विकासको लागि मेरो सरकार प्रयत्नशील रहनेछ ।

कानून र न्याय व्यवस्थामा समयानुकूल सुधार ल्याउनेतर्फ महत्वपूर्ण कदमहरू चाल्दै जान मेरो सरकार सजग रही आएको छ । न्याय छिटो, कम खर्चिलो र सुलभ गराउन र मुद्दामा लाग्ने अनावश्यक समय, श्रम र खर्चलाई बचाई विकासको काममा लगाउन सकिने अवस्था सिर्जना गर्ने तथा राजस्वसम्बन्धी न्याय व्यवस्थामा सुधार गर्ने उद्देश्यले आवश्यक अध्यादेशहरू जारी भई चारै विकास क्षेत्रहरूमा क्षेत्रीय अदालतहरू र राजस्व न्यायाधिकरणहरूको स्थापना गरी सकिएको छ । कानून आयोगले पनि लक्ष्य अनुसार अत्यावश्यक प्रमाणसम्बन्धी र अपराध संहिताका मस्यौदाहरू पूरा गरिसकेको छ ।

जनसाधारणबाट वाञ्छित आवश्यकताहरूको परिपूर्तिका लागि परिचालन गरिएका विभिन्न स्थानीय योजनाहरूको कार्यान्वयनमा गतिशीलता ल्याउने तथा दुर्गम क्षेत्र विकास योजनाहरू लागू गर्ने काममा मेरो सरकारले अझै बढी प्रयास गर्नेछ । यस सन्दर्भमा तालीम कार्यक्रमलाई बढाउनको साथै चारै विकास क्षेत्रहरूमा योजनाको लागि आवश्यक पर्ने निर्माण सामग्रीहरूको सङ्कलन र सञ्चय गर्ने गोदाम घरहरूको निर्माण गरिनेछ ।

गाउँफर्क राष्ट्रिय अभियानका अञ्चल र जिल्ला कार्यकर्ताहरूलाई तालीम दिने व्यवस्था पनि मेरो सरकारले गर्नेछ । पञ्चहरूको राजनैतिक अनुशासनलाई सुदृढ बनाउनेतर्फ सचेतक र मूल्याङ्कनको आवश्यक भूमिका गाउँफर्क राष्ट्रिय अभियानले प्रारम्भ गरिसकेको छ । यस अभियानको निर्दिष्ट कार्यलाई व्यापक बनाउने प्रक्रिया चालू नै रहनेछ ।

मेरो सरकारले काठमाडौं,ललितपुर र पोखरामा खानेपानी र ढलनिकासको व्यवस्थामा सुधार ल्याउन काम थाल्नेछ र जिल्ला सदर मुकामलाई यस योजनामा प्राथमिकता दिइनेछ । केही तराईका जिल्लाहरूमा भौगर्भिक जल स्रोतलाई प्रयोगमा ल्याउनेतर्फ संभाव्यता अध्ययन गरिने कार्यक्रम छ ।

९६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मेरो सरकारले स्वास्थ्य सेवाको क्षेत्रमा रहेको असमानतालाई हटाउन विशेष ध्यान दिनेछ र आधारभूत स्वास्थ्य सेवालाई व्यापक बनाउँदै जानेछ । सरुवा रोग नियन्त्रण, जनसंख्या वृद्धि नियन्त्रण र मातृशिशु सेवालाई अझ प्रभावकारी बनाइनेछ । साथै परीक्षणको रूपमा सञ्चालन गरिएको एकीकृत स्वास्थ्य सेवालाई क्रमिक रूपमा विस्तार गरिनेछ ।

देशको प्रशासनमा अझ बढी सुधार ल्याउनुको साथै भ्रष्टाचार निवारण गर्ने दिशामा मेरो सरकारले दृढताका साथ कारवाई गर्नेछ ।

मेरो सरकारले जिल्ला प्रशासनलाई बढी विकासमूलक र सक्षम बनाउने उद्देश्यले चाँडै नै एक योजना लागू गर्नेछ । उच्चस्तरीय कारागार सुधार समितिले पेश गरेको प्रतिवेदनमा भएको सिफारिशबमोजिम अल्पकालीन र दीर्घकालीन सुधारहरू क्रमिक रूपमा लागू गर्दै लैजाने-तर्फ पनि मेरो सरकारले विचार गरेको छ । प्रहरी र शाही सेनालाई सक्षम र तालीम समेतद्वारा समयानुसार आधुनिक गराई अझ दक्ष गराउने मेरो सरकारको कार्यक्रम छ ।

मेरो सरकारले असंलग्नताको नीतिमा दृढ रही विश्वका सबै देशहरूसंग शान्तिपूर्ण सह-अस्तित्व, सार्वभौमिकता तथा समानताको सिद्धान्तको आधारमा मैत्रिपूर्ण सम्बन्ध राख्ने काम सक्रियताका साथ सञ्चालन गर्दै आएको छ ।

गत वर्ष अल्जियर्समा सुसम्पन्न भएको असंलग्न राष्ट्रहरूको शीर्षस्थ सम्मेलनमा हामी आफैले भागलिई हाम्रो असंलग्न नीति क्रियाशील बनाउन, अन्तर्राष्ट्रिय समस्याहरूको उचित समाधान खोज्न र असंलग्न राष्ट्रहरूका बीच आर्थिक सहयोग बढाउनमा सक्दो योगदान गरेको कुरा सर्वविदित छ ।

गत वर्ष हामीबाट भएको मित्रराष्ट्र भारत र जनवादी गणतन्त्र चीनको राजकीय यात्राका अवसरमा दुबै देशका नेताहरूसंग आपसी हितका विषयमा भएको कुराकानीबाट नेपाल र ती छिमेकी राष्ट्रहरूका बीचको मित्रता अझ सुदृढ हुनुको साथै हाम्रो बीचको आपसी समझदारी र सहयोगका क्षेत्र अरू विस्तृत भएका छन् ।

हाम्रो मैत्रीपूर्ण निमन्त्रणामा विगत वर्षमा सुसम्पन्न भएको युगोस्लाभियाका राष्ट्रपति महामहिम जोजेफ ब्रोज टिटोको नेपालको राजकीय भ्रमणबाट दुई असंलग्न देशहरूका बीचको सम्बन्ध झन् दरिलो हुनाको साथै असंलग्नताको नीतिका सिद्धान्तहरूमा आपसी समझदारीको अभिवृद्धि भएको छ ।

नेपालको शान्तिप्रिय नीति अनुरूप संयुक्त राष्ट्र संघको आह्वानमा मध्यपूर्वमा शान्ति स्थापनाको लागि नेपालले पनि शाही सेनाको एक डफ्फा पठाई सहयोग गरेको छ ।

यसै सिलसिलामा विकास र कच्चा पदार्थको समस्याबारे हालै सम्पन्न भएको संयुक्त राष्ट्र संघको विशेष अधिवेशनमा नेपालले भाग लिई वर्तमान आर्थिक संकटको परिणामस्वरूप विकासोन्मुख राष्ट्रहरूलाई पर्न गएको मर्का हटाउन संयुक्त राष्ट्र संघले तत्कालीन कदम लिनु पर्दछ भन्ने कुराका अतिरिक्त भूपरिवेष्ठित तथा अल्पविकसित राष्ट्रहरूको मर्काप्रति बढी ध्यान दिइनु पर्दछ भन्ने कुरामा पनि जोड दिएको छ ।

९८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस वर्ष हाम्रो ऐतिहासिक परम्परा अनुसार राष्ट्रिय गौरव र एकताको प्रतीकस्वरूप शुभराज्याभिषेक समारोह सम्पन्न हुँदैछ ।

हाम्रो परम्परागत मैत्रीपूर्ण छिमेकी राष्ट्र भूटानका नरेशको शुभराज्याभिषेकमा प्रतिनिधि भई प्यारा भाइ श्री ५ अधिराजकुमार धीरेन्द्र वीर विक्रम शाहद्वारा भाग लिई समारोह सफलतापूर्वक सम्पन्न भएकोमा हामीलाई सन्तोष लागेको छ ।

नेपालको विकासको लागि सहयोग गर्ने मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संघ संस्थाहरू-प्रति मेरो सरकार कृतज्ञता ज्ञापन गर्दछ ।

बितेको एक वर्षभित्र हाम्रो मुलुकमा केही अवाञ्छित र अबुझ घटनाहरू पनि भए । तर हामीले यस्ता घटनाबाट विचलित नभई कतै कसैबाट चलाएको होहल्लामा नलागी राष्ट्रिय हितलाई सर्वोपरि राखी हाम्रो जनशक्तिलाई संगठित र जागरूक बनाउन सक्नु परेको छ । जबसम्म हामी नेपाली एकजूट भई हाम्रो राष्ट्रिय एकताको लागि, देशको विकास र नव निर्माणको लागि, आफ्नो स्वतन्त्रता र सार्वभौमिकता अक्षुण्ण राख्नको लागि कटिबद्ध रहन्छौं, तबसम्म हामीलाई यस्ता सानातिना घटनाहरूले असर पार्न सक्दैनन् ।

अन्तमा, देश विकासको क्रममा सदाको झैं मेरो सरकारलाई सबैबाट आवश्यक सहयोग मिल्नेछ भन्ने हाम्रो कामना छ ।

जय नेपाल !

आज्ञाले–
अनन्त पौड्याल
राष्ट्रिय पञ्चायतको का. मु. सचिव

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

९८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८६

५०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।